# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारी बङ्गलादेशको ढाका प्रस्थान

गभर्नर महाप्रसाद अधिकारी मिति २०८१ जेठ १७ र १८ गते बङ्गलादेशको ढाकामा आयोजना हुन लागेको Asian Clearing Union (ACU) को 'Board of Directors Meeting' मा सहभागी हुन आज साँझ त्यसतर्फ प्रस्थान गर्नुभएको छ । उहाँ जेठ १९ गते स्वदेश फर्कने कार्यक्रम छ ।

एसियन क्लियरिङ युनियनमा बङ्गलादेश, बेलारुस, भुटान, भारत, इरान, माल्दिभ्स, मौरिसस, म्यानमार, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी ११ मुलुकका केन्द्रीय बैंकहरू आबद्ध छन् । अन्तरदेशीय भुक्तानी कारोबारलाई व्यवस्थित र सहजीकरण गर्ने उद्देश्यका साथ सन् १९७४ डिसेम्बरमा युनियनको स्थापना भएको थियो । युनियनको सचिवालय इरानको तेहरानमा छ ।

२०८१ जेठ १६ गते

गभर्नरको कार्यालय